“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA


द्वैमासिक

वर्ष १० अंक ४३, चैत्र २०८०, बैशाख २०८१ www.ncbl.coop 12 April 2024-13 May 2024

# जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी सेवाको गुणस्तरमा वृद्धि गर्दै जाने राष्ट्रिय सहकारी बैंकको प्रतिबद्धता

ललितपुर। “उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक” भन्ने मूल थिमका साथ अघि बढेको राष्ट्रिय सहकारी बैंक लिमिटेडले वित्तीय जवाफदेहिता र पारदर्शिता आफ्नो पहिलो प्राथमिकता भएको जनाएको छ।

नयाँ वर्ष २०८१ सालको सुखद उपलक्ष्यमा बैंकका सम्पूर्ण सदस्य सहकारी संघ/संस्था, सरोकारवाला निकाय, सहकारीकर्मीहरुमा शनिवार शुभकामना सन्देश जारी गर्दै बैंकले नियामकीय अनुपालना, वित्तीय जबाफदेहिता, पारदर्शिता, निष्पक्षता, बचतकर्ताको निक्षेप सुरक्षण तथा सुरक्षित कर्जा लगानी र अर्न्तनिहित जोखिम व्यवस्थापन लाई प्राथमिकतामा राखी कार्यसम्पादन गरेको बताएको छ। नियामक निकाय नेपाल राष्ट्र बैंकले हरेक महिना तोकिएको मापदण्ड बमोजिम पेस भएको तथ्याङ्कका आधारमा गैर-स्थलगत निरीक्षण गर्नुको साथै नियमित रूपमा स्थलगत सघन अनुगमन गर्दै आएको भन्दै वर्ष २०८० मा सहकारी विभाग र राष्ट्र बैंकबाट संयुक्त रूपमा स्थलगत अनुगमन भएको र वर्ष २०८० सहकारी अभियान तथा बैंकका लागि चुनौतीपूर्ण वर्षको रूपमा रहेको उल्लेख गरेको छ।




बाह्य अर्थतन्त्रमा देखा परेको संकटका कारणले सहकारी क्षेत्रमा अत्यधिक दबाब पर्न जाँदा सहकारी अभियानले विश्वास आर्जनका लागि कठिन अवस्थामा भए पनि आफ्नो सदस्यलाई दिने सेवामा कुनै कमि नराखेको जनाएको छ, ............. *(बाँकी पृष्ठ ३ मा)*

# सहकारीका समस्या समाधान गर्ने कानुनको खाका छिट्टै आउँछ : रजिष्ट्रार घिमिरे




ललितपुर। संघीय सहकारी विभागका रजिष्ट्रार पीताम्बर घिमिरेले छिट्टै सहकारीको नियमन र अनुगमनलाई प्रभावकारी बनाउने खालको कानुनी खाका तयार हुने बताउनु भएको छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा एशियाली ऋण महासंघ (अकू) को प्राविधिक सहयोगमा नगरकोटमा सञ्चालित ३ दिने एक्सेस एडिटिङ सम्बन्धी तालिम समापनका क्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो। मन्त्रालयका तर्फबाट विज्ञहरुलाई जिम्मेवारी दिएका छौ, सहकारी क्षेत्रमा देखिएका समस्या छिटो तथा प्रभावकारी रुपले समाधानका लागि आवश्यक कानुन निर्माणको चरणमा छौं, बैशाख मसान्तभित्रै मस्यौदा आउँदैछ, रजिष्ट्रार घिमिरेले भन्नुभयो,- मस्यौदा आएपछि सरोकारवालाहरुसँग छलफल तथा समन्वय गरी सुधार गरेर सहकारीका समस्या समाधानमा लाग्दैछौं...... *(बाँकी पृष्ठ ३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

**सुचना, सञ्चार तथा प्रकाशन उप-समिति**
**संयोजक**
राम बहादुर जि.सी.

**सदस्यहरु**
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल
**सदस्य सचिव**
नवीन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी.

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकीय

## सहकारीमा सुशासन : प्रविधि र एकीकरण

“सहकारीमा सुशासनः प्रविधि र एकिकरण” भन्ने मुख्य थिम ६७ औं राष्ट्रिय सहकारी दिवसको लागि राष्ट्रिय सहकारी महासंघले तय गरेको छ । हरेक वर्ष राष्ट्रिय सहकारी दिवसका पूर्व सन्ध्यामा यसरी नै मूल नारा तय गर्ने र सो को मूलमर्म अनुसार सहकारी अभियानको सुदृढिकरण, विकास र रुपान्तरणका लागि काम गर्ने गरिन्छ । यस वर्षको नाराको मर्म अनुसार सहकारी अभियानको सुदृढिकरण, विकास र रुपान्तरणका लागि काम गर्नुपर्ने दायित्व हाम्रा सामु सृर्जित भएको छ ।

सहकारी संस्थाहरुको दिगो विकासका लागि आन्तरिक सुशासनको अत्यन्तै धैरै महत्वपूर्ण भूमिका रहन्छ । आन्तरिक सुशासनका लागि सहकारी संस्थाहरु नीति, विधि र प्रविधियुक्त हुन आवश्यक हुन्छ । यो क्षेत्रको अपेक्षाकृत विकासले मात्रै हामी सहकारी अभियानको विकास, सुदृढिकरण र रुपान्तरणको परिकल्पना गर्न सक्ने छौं । सहकारी संस्थाहरु नीति, विधि मात्रै होइन्, अहिलेको समयको माग बमोजिम प्रविधियुक्त हुन सक्नुपर्छ ।

यदि संस्थाहरुको मौजुदा सदस्य संख्या, पूँजी, संचालन संयन्त्र सानो आकारको छ, कार्यालयको पूर्वाधार प्रविधियुक्त छैन, सानो पूँजी, थोरै सदस्य छन् भने उद्देश्य मिल्ने धैरै सहकारीका बिचमा एकिकृत भएर वा ठुला सहकारी संस्थामा गाभिएर भएपनि सुशासनका लागि सहकारीको आन्तिरिक पक्षमा रहेको कमि वा कम्जोरीलाई हटाउनु पर्ने यो वर्षको मूल नाराको मर्म हो ।

सहकारी विभागले २०७७ सालमा प्रकाशन गरेको तत्थ्याङ्क अनुसार नेपालमा सबै प्रकृतिका गरी २९ हजार ८ सय ८६ सहकारी संस्थाहरु रहेका छन् । ति संस्थाहरुमा ४० लाख, ९२ हजार ३९५ महिला र ३२ लाख १५ हजार ६८ पुरुष गरी ;७३ लाख ७ हजार ४६२ सदस्य आबद्ध रहेका छन् । सबै सहकारीमा गरी ९४ अर्ब १० करोड ५० लाख १५ हजार ८०३ शेयर पूँजी, ४ खर्ब ७७ अर्ब ९६ करोड ११ लाख ४६ हजार ४७३ बचत रहेको छ । त्यसैगरी ४ खर्ब २६ अर्ब २६ करोड, २३ लाख ११ हजार ३८१ ऋण लगानी र ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

मानव जातिको इतिहासको विकास सधै गतिशिल ढंगबाट द्रुत गतिमा अगाडी बढिरहेको छ । यो विकासलाई बढि गतिशिल बनाउन प्रविधिमा आउने छिटोछिटो रुपान्तरणले भुमिका निर्वाह गरिरहेको देखिन्छ । एउटै पुस्ता भित्र पनि धैरै प्रकारले रुपान्तरण आईरहेका छन् । सुचना र प्रविधिमा आएको यो क्रान्तिकारी रुपान्तरणले विश्वलाई निकै सांगुरो र एउटै गाउँ जस्तै बनाउदै लगिरहेको छ । संस्थामा सुशासनको कमजोरी सहकारी संस्थाहरु स्वशासित र स्वनियमकारी सामुदायीक संस्थाहरु हुन् । धैरैभन्दा धैरै जनाको पूँजीबाट सञ्चालन हुने भएकाले पूँजीको सहि व्यवस्थापन, सुरक्षा र परिचालनको धैरै महत्वपूर्ण भुमिका हुन्छ । त्यसका लागि नीति, विधि र प्रविधियुक्त हुन आवश्यक छ । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसारको कानून सोहिको मातहतमा विनियम, विनियमको मातहतमा व्यबसाय संचालनका नीति तथा सिद्धान्त एवं सो को कार्यान्वयनका लागि प्रयाप्त कार्यविधिहरु र समयानुकुल प्रविधियुक्त दैनिक कार्यसञ्चालन प्रणाली जस्ता आधारभुत विषयहरुले सहकारी संस्था सञ्चालनका लागि मार्गदर्शन गर्दछ ।

www.ncbl.coop

# नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना

उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक भन्ने दुरदृष्टिका साथ सन्चालन भईरहेको यस बैंक नयाँ वर्ष २०८१ को सुखद उपलक्ष्यमा सम्पूर्ण सदस्य सहकारी संघ/संस्था सरोकारवाला निकाय, सहकारीकर्मीहरु एवं स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सु–स्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना सहित नयाँ वर्षले हामी सबैमा नयाँ सोचका साथै थप जोश, जाँगर सिर्जना गरी सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

वर्ष २०८० सहकारी अभियान तथा बैंकका लागि चुनौतिपूर्ण वर्षको रुपमा रहयो । बाहृय अर्थतन्त्रमा देखा परेको संकटका कारणले सहकारी क्षेत्रमा अत्याधिक दबाब पर्न जाँदा सहकारी अभियानले विश्वास आर्जनका लागि कठिन अवस्थामा पुगेको बैंकले महसुस गरेको छ । यस वर्ष बैंकले नियामकीय अनुपालना, वित्तीय जवाफदेहीता, पारदर्शिता, निष्पक्षता, बचतकर्ताको निक्षेप सुरक्षण तथा सुरक्षित कर्जा लगानी र अन्तर्निहित जोखिम व्यवस्थापन लाई प्राथमिकतामा राखी कार्यसम्पादन गरेको जानकारी गराउँदछौ ।

बैंकलाई यस सबल अवस्थामा पुऱ्याउन योगदान गर्नुहुने सदस्य सहकारी संघ/संस्थाहरु लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौ । मुलुकको समग्र अर्थतन्त्रको शिथिलताको असर सहकारी क्षेत्रमा समेत परेको अवस्थामा समेत यहाँहरुको साथ सहयोग र सुझावले बैंकको वित्तीय सूचक सन्तोषजनक रहेको छ । सहकारी बिभागद्वारा निर्देशित मापदण्ड अनुसार प्रकाशित बैंकको पछिल्लो वित्तीय अवस्था यस प्रकार रहेको छ ।

| क्र.स. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १ | शेयर पूँजी | २,८००,५७५.४० |
| २ | जगेडा कोष | १,४७३,१४२.०७ |
| ३ | कुल बचत | ५९,१३५,३५२.७८ |
| ४ | ऋण लगानी | २८,७६२,१७८.९० |
| ५ | तरलता रकम | २५,५८२,१८७.४० |
| ६ | कुल संस्थागत पूँजी | १,४७३,१४२.०७ |
| ७ | विभिन्न कोषहरुको जम्मा रकम | १७९,६२२.६४ |
| ८ | कुल सम्पत्ति | ६७,३७७,३१३.६६ |
| | | |
| १ | तरलता प्रतिशत<br>(नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेखित तरलता गणना विधि अनुसार) | ४३.२६ |
| २ | कुल शेयर सदस्य संख्या | १६,२९३ |
| ३ | कुल ऋणी सहकारी सदस्य संख्या | २,२८२ |

सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको नियमनमा रही नियमनकारी निकायले तोकेका नियामकिय निर्देशन तथा सघन अनुगमनका निर्देशनहरु पूर्ण रूपमा पालना गर्दै संस्थागत सुशासन कायम गर्ने सवालमा बैंकले शुन्य सहनशिलताको नीति अंगीकार गरेको छ । वित्तीय संस्थाहरुमा महत्वपूर्ण रहने वित्तिय विवरणको खुलासा (Financial Disclosure) लाई बैंकले सुशासनको प्रमुख अंगको रुपमा लिएको छ ।। नेपाल राष्ट्र बैंकले यस बैंकको हरेक महिना तोकिएको मापदण्ड बमोजिम पेश भएको तथ्यांकका आधारमा गैर-स्थलगत निरीक्षणका साथै नियमित रुपमा स्थलगत सघन अनुगमन समेत गर्दै आएको छ । वर्ष २०८० मा सहकारी विभाग र नेपाल राष्ट्र बैंकबाट संयुक्त रुपमा स्थलगत अनुगमन भएको जानकारी गराउँदछौं । साथै राष्ट्रिय सहकारी महासंघले गठन गरेको अनुगमन टोली, बैंकको लेखा सुपरिवेक्षण समिति, आन्तरीक लेखा परिक्षक र बाहृय लेखा परिक्षकबाट समेत बैंकको नियमित अनुगमन तथा निरीक्षण हुँदै आएको छ ।

देशभरका सदस्य सहकारी संघ/संस्था, नियामकीय निकाय, तथा सम्पूर्ण सरोकारवालाको विश्वास, साथ, सहयोग र रचनात्मक सुझाब सदाझैं आगामी दिनहरुमा पनि कायम रहनेछ भन्ने पूर्ण विश्वासका साथ सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । नयाँ वर्षका अवसरमा थप प्रभावकारी काम गर्नका लागि सबैलाई प्रेरणा मिल्नेछ भन्ने अपेक्षा सहित सेवाको गुणस्तरमा वृद्धि गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

धन्यवाद ! जय सहकारी !!!

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

## जोखिम व्यवस्थापन लाई प्राथमिकतामा राखी सेवाको गुणस्तरमा वृद्धि गर्दै जाने राष्ट्रिय सहकारी बैंकको प्रतिबद्धता.....

सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको नियमनमा रही नियमनकारी निकायले तोकेका नियामकिय निर्देशन तथा सघन अनुगमनका निर्देशनहरु पूर्ण रूपमा पालना गर्दै संस्थागत सुशासन कायम गर्ने सवालमा बैंकले शून्य सहनशीलताको नीति अङ्गीकार गरेको सन्देशमा भनिएको छ।

त्यसैगरी बैंकलाई यो अवस्थामा पुऱ्याउने योगदान दिनुहुने सम्पूर्ण सदस्य सहकारी संघ/संस्था लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै मुलुकको समग्र अर्थतन्त्रको शिथिलता को असर सहकारी क्षेत्रमा समेत परेको अवस्थामा समेत सरोकारवाला निकायको साथ, सहयोग र सुझाबले बैंकको वित्तीय सूचक सन्तोषजनक रहेको जनाएको हो।

देशभरका सदस्य सहकारी संघ/संस्था, नियामकीय निकाय, तथा सम्पूर्ण सरोकारवालाको विश्वास, साथ, सहयोग र रचनात्मक सुझाव सदाझैं आगामी दिनहरुमा पनि कायम रहनेछ भन्ने विश्वासका साथ धन्यवाद ज्ञापन गरेको छ। सन्देशमा नयाँ वर्षले सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना सहित नयाँ वर्षले हामी सबैमा नयाँ सोचका साथै थप जोस, जाँगर सिर्जना गरी सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गरेको छ।

### बैंकमा तरलता ४३ प्रतिशत माथि

राष्ट्रिय सहकारी बैंकले बैंशाख १ मा सार्वजनिक गरेको पछिल्लो वित्तीय विवरण अनुसार सहकारी बैंकमा ४३.२६ प्रतिशत तरलता रहेको छ। सहकारी बैंकमा कुल शेयर सदस्यहरुको संख्या १६ हजार २९३ रहेको छ भने कुल ऋणी सहकारी सदस्यको संख्या २ हजार ८८२ रहेको छ। उक्त वित्तीय विवरण अनुसार हाल बैंकको शेयरपुँजी २ अर्ब ८० करोड माथि रहेको छ।

त्यस्तै, जगेडा कोषमा एक अर्ब ४ करोड ७३ लाख, कुल बचत ५९ अर्ब १३ करोड ५३ लाख, ऋण लगानी २८ अर्ब ७६ करोड २१ लाख रुपैयाँ रहेको छ। हाल राष्ट्रिय सहकारी बैंकको तरलता रकम २५ अर्ब ५८ करोड २१ लाख रुपैयाँ रहेको छ। त्यस्तै, समिक्षा अवधिमा बैंकको कुल संस्थागत पुँजी एक अर्ब ४७ करोड ३१ लाख, विभिन्न कोषको जम्मा रकम १७ करोड ९६ लाख र कुल सम्पत्ति ६७ अर्ब ३७ करोड ७३ लाख रुपैयाँ रहेको छ।

## सहकारीका समस्या समाधान गर्ने कानुनको खाका छिट्टै आउँछ : रजिष्ट्रार घिमिरे

......सहकारीबाट वचत फिर्ता नपाएकाहरुको रकम फिर्ता गर्न तथा सहकारीको ऋण असुलीका लागि समेत मन्त्रालयको तर्फबाट गंभिरताका साथ छलफल गरी प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ।

सहकारीलाई लयमा ल्याउनका लागि सरोकारवालाहरुको सक्रिय र रचनात्मक सहयोगको अपेक्षा गरिएको भन्दै रजिष्ट्रार घिमिरेले सहकारीको समस्या छिटो समाधान गर्न नसक्दा देशको अर्थतन्त्र र शान्ति सुरक्षामा समेत समस्या सिर्जना हुने बताउनुभयो। तालिमले सहकारी अभियानको सुदृढीकरणमा सहयोग पुग्ने घिमिरेले बताउनु भयो। सरकारले पनि सहकारी क्षेत्रको विकास प्रवर्द्धनको साथै नियमन र सुदृढीकरण लागि कार्यहरू गरिरहेको बताउनुहुँदै यसमा बैंकको साथ सहयोगको अपेक्षा रहेको बताउनु भयो।

सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारी बैंकले विभागलाई सहयोग पुग्ने गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको चर्चा गर्दै सहकारीको समस्या समाधानमा सबै पक्षको सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गरेको बताउनु भयो। बैंकका निवर्तमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेलले एक्सेस कार्यक्रमले सहकारीको क्षमता विकास गर्न सहयोग पुग्ने भएको हुँदा यो महत्त्वपूर्ण रहेको बताउनु भयो।

अकूकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भी स्यानरोकेले एक्सेस कार्यक्रम सहकारीहरूको सेवाको गुणस्तर अभिवृद्धि गरि संस्थालाई सुरक्षित र व्यावसायिक बनाउन सहयोग गर्ने कार्यक्रम भएको बताउनु भयो। अकूका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचिले एक्सेस कार्यक्रमले सहकारीको दिगो विकास र गुणस्तर सुनिश्चितताका लागि कार्य गर्ने भएकाले यसले संस्थाहरुलाई अनुशासन कायम गर्न र सदस्यको पैसाको सुरक्षाको लागि सहज हुने बताउनु भयो। सहकारीमा रहेको रकम जनताको भएकाले त्यसको सुरक्षा गर्ने जिम्मेवारी सञ्चालक, कर्मचारी, सदस्य र राज्यको समेत भएको उहाँको भनाइ थियो।

बैंकका अध्यक्ष के.बी. उप्रेतीले वित्तीय संकटका कारण सहकारी क्षेत्रमा देखिएको चुनौतीको सामना गरी सहकारीलाई बचाउनका लागि अभियानका तर्फबाट भइरहेका कामको बारेमा जानकारी गराउँदै यति बेला सहकारीलाई बचाउनुपर्ने बाध्यता आइलागेको र सबै मिलेर बचाउनुपर्ने बताउनु भयो। तालिमको उद्देश्य, बैंकका वर्तमान अवस्था र आगामी योजनाका बारेमा प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले जानकारी गराउनु भएको थियो। कार्यक्रमको सञ्चालन तालिम विभाग प्रमुख रामबाबु आचार्यले गर्नु भएको थियो।

बैंशाख २२ देखि २४ गतेसम्म भक्तपुरको नगरकोटमा सञ्चालित तालिममा बैंकको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापन र प्रदेश प्रमुखहरूको सहभागिता थियो। बैंकका सदस्य सहकारीहरूको सेवाको गुणस्तर अभिवृद्धि गरि संस्थालाई सुरक्षित र व्यावसायिक बनाउन सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको तालिम कार्यक्रममा एक्सेससँग सम्बन्धित ८६ सूचकहरूमा छलफल र अन्तरक्रिया भएको बैकका सञ्चालक एवम् शिक्षा, तालिम तथा स्तरीकरण उपसमितिका सदस्य महेन्द्र गिरीले जानकारी दिनुभयो।

# 'सहकारीमा सुशासन : प्रविधि र एकीकरण'



के.बी. उप्रेती
अध्यक्ष
राष्ट्रिय सहकारी बैंक लि.

राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालले ६७ औं राष्ट्रिय सहकारी दिवस २०८० का लागि "सहकारीमा सुशासन : प्रविधि र एकीकरण" भन्ने थिम तय गर्यो । नेपालमा सहकारीको सुरुवात भएको २०१३ चैत्र २० को सम्झना स्वरुप हरेक वर्ष राष्ट्रिय सहकारी दिवसको पूर्वसन्ध्यामा यसरी नै मूल थिम तय गर्ने र सोको मूल मर्मअनुसार सहकारी अभियानको सुदृढीकरण, विकास, प्रवर्द्धन र रूपान्तरणका लागि काम गर्ने गरिन्छ । यस वर्षको थिमको मर्मअनुसार सहकारी अभियानको सुदृढीकरण, विकास, प्रवर्द्धन र रूपान्तरणका लागि काम गर्नुपर्ने दायित्व सहकारी संस्थाका सामु सिर्जना भएको छ ।

सहकारी संस्थाहरूको दिगो विकासका लागि आन्तरिक सुशासनको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहन्छ । आन्तरिक सुशासनका लागि सहकारी संस्थाहरू नीति, नियम र प्रविधियुक्त हुन आवश्यक हुन्छ । यो क्षेत्रको अपेक्षाकृत विकासले मात्रै हामी सहकारी अभियानको विकास, सुदढीकरण र रूपान्तरणको परिकल्पना गर्न सक्ने छौं ।

सहकारी संस्थाहरू नीति, विधि मात्रै होइन, अहिलेको समयको मागबमोजिम प्रविधियुक्त हुन सक्नुपर्छ । यदि संस्थाहरूको मौजुदा सदस्य स¢्या, पुँजी, सञ्चालन संयन्त्र सानो आकारको छ; कार्यालयको पूर्वाधार प्रविधियुक्त छैन; सानो पुँजी, थोरै सदस्य छन् भने उद्देश्य मिल्ने धेरै सहकारीका बिचमा एकीकरण भएर वा ठुला सहकारी संस्थामा गाभिएर भए पनि सुशासनका लागि सहकारीको आन्तरिक पक्षमा रहेको कमीकमजोरीलाई हटाउनु यो वर्षको मूल थिमको मर्म हो ।

## ***नेपालमा सहकारीको योगदान :***

सहकारी विभागले २०७७ सालमा प्रकाशन गरेको तथ्याङ्कअनुसार नेपालमा सबै प्रकृतिका गरी २९ हजार ८ सय ८६ सहकारी संस्था रहेका छन् । ती संस्थामा ४० लाख, ९२ हजार ३९५ महिला र ३२ लाख १५ हजार ६८ पुरुष गरी ७३ लाख ७ हजार ४६२ सदस्य आबद्ध रहेका छन् । सबै सहकारीमा गरी ९४ अर्ब १० करोड ५० लाख १५ हजार ८०३ सेयर पुँजी, ४ खर्ब ७७ अर्ब ९६ करोड ११ लाख ४६ हजार ४७३ बचत रहेको छ । त्यसैगरी, ४ खर्ब २६ अर्ब २६ करोड, २३ लाख ११ हजार ३८१ ऋण लगानी र ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

देश भर र स्थानिय तह, प्रदेश र केन्द्रीय तहमा सहकारीको यर्थात तथ्याङ्क नियमित अद्यावधिक हुन सकेको छैन । सहकारीको नियमन क्षेत्राधिकारको पुनःसंरचना भएपछि यसको अवस्था निकै अस्तव्यस्त भएको देखिन्छ । सहकारी विभागले २०७७ पछि आधिकारिक रूपमा तथ्याङ्क अद्यावधिक गरेको देखिँदैन भने प्रदेश र पालिकाको सहकारीप्रतिको नीतिमा निकै अलमल भएको देखिन्छ । तसर्थ उपर्युक्त तथ्याङ्कमा केही बढी हुन सक्ने आँकलन गर्न सकिन्छ ।

गाउँगाउँमा सहकारी संस्थाको स्थापनापश्चात् गाउँका साहुमहाजन र सुदखोरको निषेध सहकारीकै माध्यमबाट भएको हो । निम्न वर्गका नागरिकलाई सहकारीमा गोलबन्द गरी ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने काम खासगरी सहकारीकै माध्ययबाट भएको छ । पारस्पारिकता, स्वावलम्बन तथा आत्मनिर्भरताको अभ्यास, उद्यमशीलतको विकास, नेतृत्व क्षमताको विकास र समग्र मानव समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयनमा सहकारी क्षेत्रको महत्त्वपूर्ण भुमिका रहेको छ । समग्र राष्ट्रको वित्तीय क्षेत्रमा २१ प्रतिशत र जिडिपीमा ५ प्रतिशतभन्दा बढी सहकारीको योगदान रहेको छ । वित्तीय साक्षरताको माध्यमबाट आयआर्जन वृद्धि र भविष्यको सुनिश्चितताका लागि वचत गर्ने बानीको विकास सहकारीकै माध्यमबाट भइरहेको छ । उत्पादन, औद्योगिकीकरण र बजारीकरणका

कामसमेत सहकारीको माध्यमबाट सुरु हुन लागेका छन् । सामुदायिक विकासका लागि औपचारिक र भरपर्दो माध्यमको रूपमा सहकारीको विकास हुँदै गएको छ। यसको जगमा नै समाजवादको विकासको आधार तयार हुने छ। राज्यको नीति तथा कानुन सामुदायिक विकासका क्षेत्रमा अपेक्षाकृत अनुकूल हुन नसक्दा यस क्षेत्रमा आशालाग्दो प्रगति हुन भने सकेको छैन ।

## *सहकारीमा देखिएका समस्याहरु :*

सहकारी समुदायमा आधारित, समुदायको लगानी, समुदायको नेतृत्व र समुदायको व्यवस्थापनमा सञ्चालित स्वनियमकारी र स्वशासित सामुदायिक व्यवसाय हो। खासगरी, सहकारीमा समुदायको (सदस्यको) प्रजातान्त्रिक नियन्त्रण प्रणाली कमजोर हुँदै गयो भने धेरै प्रकारका समस्या उत्पन्न हुन्छन् ।

देशमा केही सहकारीमा समस्या देखिएका छन् । देखिएका केही समस्यालाई अलि बढी उछाल्ने काम भएको पनि देखिन्छ। देशको वित्तीय क्षेत्र धरासायी बन्दै गएको छ। करिब चार सय दलाल तथा नोकरशाही पुँजीपति वर्गले देशको ७० प्रतिशतभन्दा धेरै पुँजी बैङ्किङ क्षेत्रमार्फत कब्जा गरेको छ । यही वर्गले नेपालमा सहकारी अभियानलाई कमजोर बनाएर देशको ग्रामीण अर्थतन्त्र ध्वस्त पार्न चाहन्छ । उदाहरणका लागि विभिन्न प्रकारले सहकारीका विषयमा नकारात्मक सन्देश प्रवाह गरियो, जसको परिणामस्वरूप ठुलो परिमाणमा सदस्यले वचत फिर्ताको माग गरे ।

एउटा सत्य के हो भने बैङ्क, वित्तीय संस्था वा वचत तथा ऋणको कारोबार गर्ने सहकारीमा जम्मा भएको वचत एकैपटक धेरै जनालाई फिर्ता गर्ने अवस्था कहीँ पनि हुँदैन । ठुला र राम्रो नाफा कमाइरहेका (क) वर्गको बैङ्क नै किन नहोस्, सबै ग्राहक एकैपटक वचत फिर्ता गर्न गए भने कोही पनि बच्दैनन्। सहकारीमा पनि करिब करिब त्यस्तै स्थितिको सिर्जना गरियो । सहकारीमा रहेको वचत विकर्षण गराएर बैङ्कमा जम्मा गरियो । त्यसरी जम्मा भएको रकम मुट्ठीभर माडवारीको कब्जामा पुगेको छ । परिणामस्वरूप देशका उद्योगधन्दा, व्यापार, उत्पादनलगायतका सबै क्रियाकलाप ठप्प हुँदै गएको छ, जुन कुरा सहकारीका माध्यमबाट चलायमान भएको थियो, ती सबै ध्वस्त हुँदै छन्। यही कुरा दलाल तथा नोकरशाही वर्गले चाहेको थियो। अर्कोतर्फ, केही समस्या सहकारी अभियानभित्रको आन्तरिक सुशासन र सहकारीका मूल्यमान्यता र सिद्धान्तको पालनामा भएका कमजोरीका कारण सिर्जना भएका देखिन्छन ।

सहकारीको माध्यमलाई प्रयोग गरेर पुँजी सय्लन गर्ने र निश्चित व्यक्तिको स्वार्थ पूरा गर्ने नियतले केही सहकारी राज्यबाट अनुमति लिएर देशभरको कार्यक्षेत्र बनाएर काम गरेको देखिन्छ। उनीहरूले सदस्यको वर्गीकरण गरेर संस्थापक सदस्य, विशिष्ट सदस्य, सेयर सदस्य र कारोबारी सदस्य वा ग्राहक बनाएर मनमोहक र आर्कषक विभिन्न प्रलोभन देखाएर रकम सङ्कलन गरेका हुन्छन् । यसरी सङ्कलन भएको रकमलाई गलत ढङ्गले अपचलन गर्दछन् । मूल रूपमा सबैभन्दा ठुलो समस्या यही प्रकृतिका संस्थामा देखिएको छ।

यसमा राज्यको पनि कमजोरी रहेको देखिन्छ किनकि उनीहरूले एकैपटक देशभरको कार्यक्षेत्र कसरी प्राप्त गरे ? स्थानीय पालिकाले समेत के आधारमा सूचीकृत गरे ? राजनैतिक दलका नेता, राज्यसंयन्त्र र वित्तीय अपराधीको मिलेमतोमा यस प्रकारका कार्य भइरहेका छन्। यसमा नागरिक समुदायको समेत कमजोरी रहेको देखिन्छ किनकि सहकारीमा हरेक सदस्यको जोडदार भुमका हुन्छ।

साधारण सभामा भाग लिने, विचार राख्ने, निर्णय प्रकृयामा भाग लिने जस्ता न्यूनतम सदस्यको अधिकार वा दायित्व छ/छैन, सो नहेरी कारोबार गर्ने, त्यो पनि करोडौँको ? यसका लागि नागरिकसमेत सचेत हुनु आवश्यक छ।

विभिन्न अध्ययनले समुदायमा आधारित, समुदायको लगानी, समुदायको नेतृत्व र समुदायको व्यवस्थापनमा सञ्चालित स्वनियमन र स्वशासनमा केन्द्रित सहकारी संस्थामा कोभिड १९ र आर्थिक मन्दीको अवस्थामा समेत कुनै समस्या आएको देखिएन । समयमा लेखापरीक्षण, समयमा साधारण सभा, आवधिक निर्वाचन, रणनैतिक योजना, व्यावसायिक योजना, दैनिक कार्यसञ्चालनका लागि साधारण सभाले पारित गरेका पर्याप्त कार्यविधि, वार्षिक नीति, कार्यक्रम र बजेट, सञ्चालक समितिको कामको निरीक्षण गर्ने चनाखो लेखा सुपरीवेक्षण समिति, कामको समीक्षा, कार्यान्वयनको आन्तरिक निरीक्षण, अनुगमन र मूल्याङ्कन विधि र समयअनुकूल प्रविधियुक्त कार्यप्रणाली एवम् पारदर्शी भएर सञ्चालनमा रहेका सहकारी संस्थामा समस्या आएको देखिएको छैन। समस्याको एउटा महत्त्वपूर्ण क्षेत्र सहकारीहरू समुदायमा केन्द्रित भएर सञ्चालन हुन नसक्नु हो। धन्यवाद !!!

# सहकारीले प्रविधिमा लगानी बढाउनुपर्छः प्रमुख कार्यकारी अधिकृत गुरागाईं




काठमाडौं । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृतका बद्रीकुमार गुरागाईले सहकारीहरुले सदस्यलाई दिने लाभांशमा कम गरी प्रविधिमा लगानी बढाउनुपर्ने बताउनु भएको छ।

राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको आयोजनमा चैत्र १ र २ गते सञ्चालन प्रथम सहकारी डिजिटल कन्क्लेभमा बोल्दै उनले त्यसको प्रयोगका लागि सदस्यहरुलाई समेत साक्षत्कार गरेर अघि बढ्नुपर्नेमा जोड दिए। प्रमुख कार्यकारी अधिकृत गुरागाईले बैंकले १० वर्षे रणनीति बनाएको र प्रविधिमैत्री सहकारी बनाउन मापदण्ड समेत तयार गरी अघि बढेको बताए । बैंकले प्रविधिमा गरेको लगानी अनुसार संस्थाहरुले प्रयोग गर्न नसकेको उहाँको भनाई छ। मोबाईल बैंकिङ र वालेटलाई मात्रै ध्यान दिनेभन्दा पनि कर्मचारीहरुलाई समेत दक्षबनाई नयाँ नयाँ वस्तु तथा सेवाको प्रयोगमा समेत लाग्नुपर्ने उहाँको जोड छ । बाफियामा चेक क्लियरिङ गर्ने व्यवस्था बैंक तथा वित्तीय संस्थालाई मात्रै दिएको र सहकारीहरुले चेक नभई भुक्तानी पुर्जामार्फत कारोबार गर्ने गरेका कारण चेक क्लियरिङमा जान नसकेको उनले प्रष्ट पारे । क्लियरिङको पछि लाग्नेभन्दा पनि सहकारीहरु डीजिटाइज भएर सेवालाई विस्तार गर्न उहाँको सुझाव छ। पछिल्ला समय फण्ड ट्रान्सफरका विभिन्न माध्ययम रहेकाले त्यसको प्रयोग गर्दा प्रभावकारी हुने उहाँको बुझाई छ।

कार्यक्रममा आफ्नो धारणा राख्दै नेपाल क्लियरिङ हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निलेश प्रधानले सहकारीहरुले पनि डिजिटल कारोबार अगाडी बढाएको बताए । कानुनी रुपमा स्पष्टता नभएपनि सहकारीहरुले डिजिटल कारोबार गर्न नपाईने भन्ने छैन, उनले भने। कोर बैकिङ, मोबाईल बैकिङ जस्ता सेवा विभिन्न कम्पनीसँग सहकार्य गरी सहकारीले अगाडी बढाईरहेको बताउनु भयो।

# भारतीय सहकारीकर्मीहरुलाई राष्ट्रिय सहकारी बैंकमा स्वागत



ललितपुर । सहकारीको अध्ययन तथा अवलोकन भ्रमणका लागि नेपाल आएका भारतीय सहकारीकर्मीहरुको एक प्रतिनिधि मण्डललाई राष्ट्रिय सहकारी बैंक लिमिटेड र राष्ट्रिय सहकारी महासंघले संयुक्त रुपमा स्वागत गरेका छन् ।

नेपाली सहकारी अभियानको अध्ययन तथा अवलोकन भ्रमणका लागि चैत्र २ गते काठमाडौं आइपुगेको भारतीय सहकारीकर्मीहरुको प्रतिनिधि मण्डललाई बैंकका निवर्तमान अध्यक्ष एवम् महासंघका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेलले महासंघको सभाहल पुल्चोक

ललितपुरमा स्वागत गनुभएको थियो। दिल्ली बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष प्रवेश कुमार गुप्ताले नेतृत्व गर्नुभएको सो प्रतिनिधि मण्डलमा उक्त संघका महासचिव विष्णुपाल वंशल, र कोषध्यक्ष शिवसंकर गुप्ता सहित आवद्ध विभिन्न २० वटा सहकारी संस्थाहरुका ४० जना सहभागीहरु रहेका थिए। निवर्तमान अध्यक्ष पोखरेलले भारतीय राष्ट्रिय सहकारी संघ लि.भारत (एनसीयुआइ) र नेपालको सहकारी अभियानका बीचमा बिगत लामो समयदेखि सहकार्य हुँदै आइरहेको र त्यसैको परिणाम स्वरुप भारतीय सहकारीकर्मीहरुलाई स्वागत गर्न पाउँदा अत्यन्तै खुशी लागेको बताउनुभयो । उहाँले नेपाल-भारत सहकारी अभियानका बीचमा सहकार्य हुनुलाई आफूले गौरवपूर्ण मित्रताको रुपमा लिएको बताउनुभयो।

नेपालको सहकारी अभियानको विकासमा भारतीय सहकारी अभियानको ठूलो योगदान रहेको बताउँदै उहाँले विगतमा पटक पटक भारतीय सहकारी अभियानको अध्ययन तथा अवलोकन भ्रमण गर्ने अवसर पाएको स्मरण गर्नुभयो । महासंघका नायब महाप्रबन्धक बाबुल खनालले नेपाली सहकारी अभियानको विकास र हालसम्म हासिल गरेको विविध उपब्धीहरुमाथि विस्तृत रुपमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा भारतीय सहकारीकर्मीहरुको प्रतिनिधि मण्डललाई राष्ट्रिय सहकारी वैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत मनोज खड्काले समेत स्वागत गर्नुभएको थियो । राष्ट्रिय सहकारी बैंक लि.का नायव महाप्रबन्धक राजेश श्रेष्ठले राष्ट्रिय सहकारी वैंकका गतिविधिहरु प्रस्तुत यसका आयाममाथि संक्षेपमा प्रकाश पर्नु भएको थियो।

कार्यक्रममा प्रस्तुती पछि सहभागीहरुले नेपालमा सहकारी गठन प्रक्रिया, कार्यक्षेत्र, ऋण असुली, वोर्डमा महिलाहरुको सहभागिता सरकारी सहयोग आदि विषयमा जिज्ञाशा राखेका थिए भने उक्त जिज्ञाशाको निवर्तमान अध्यक्ष रमेश पोखेलले जवाफ दिनुभएको थियो । सो प्रतिनिधिमडण्लले स्वागत समारोह पश्चात वैंकको कार्यालय अवलोकन गरेको थियो।

# राष्ट्रिय सहकारी बैंकद्वारा नवनियुक्त कर्मचारीहरूलाई सेवा प्रवेश तालिम



ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड का नयाँ नवनियुक्त कनिष्ठ सहायक पदका कर्मचारीहरूका लागि सञ्चालन गरेको ६ दिने "सेवा प्रवेश तालिम" चैत्र १८ गते सम्पन्न भएको छ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा सञ्चालित तालिम समापनका क्रममा बोल्ने वक्ताहरुले सहकारी बैंक संस्थागत विकाससँगै समग्र सहकारी अभियानलाई माथि उठाउनका लागि बैंकका कर्मचारीहरूको भूमिका प्रभावकारी हुनु पर्नेमा जोड दिएका छन् । राज्यले आर्थिक समृद्धिको अभियानलाई सफल बनाउनका लागि सहकारीको भूमिका

थप प्रभावकारी बनाउनका लागि यसमा आवद्धहरुको सक्रियता थप हुनु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा नव नियुक्त कर्मचारीहरूका लागि निर्देशनात्मक भनाई राख्दै बैंकका सञ्चालक एवम् बागमती प्रदेश संयोजक रामहरि बजगाईले नियुक्ति एउटा प्रक्रिया भएको र अब कार्यक्षेत्रमा गरिने कामबाट मात्रै कर्मचारीहरूको सही मूल्याङ्कन हुने बताउनु भयो । उहाँले सबै कर्मचारीहरूले उच्च मनोबलका साथ आफ्नो जिम्माको काम सही ढङ्गले सम्पन्न गर्ने हो भने सहकारी बैंकले राज्यले लिएको तीन खम्बे अर्थनीति अनुसारको आर्थिक समृद्धिको अभियानमा महत्वपूर्ण योगदान गर्न सक्ने बताउनुभयो ।

कार्यक्रममा बैंकका सञ्चालक पार्वती थापा मगरले सहकारीलाई व्यवसायिक रूपमा अगाडि बढाउनका लागि राष्ट्रिय सहकारी बैंकका कर्मचारीहरूको भूमिका प्रभावकारी हुनेमा जोड दिँदै सहकारीमैत्री व्यवहारका साथ कार्यक्षेत्रमा खट्न आग्रह गर्नु भयो । अर्का सञ्चालक केदार मानन्धरले कार्यालय समयमा सहकारी बैंकको कर्मचारीको भूमिका निर्वाह गर्नुका साथै सहकारी अभियानलाई प्रभावकारी बनाउनका लागि जुनसुकै अवस्थामा पनि तयार रहनु पर्नेमा वक्ताहरुले जोड दिनु भयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले नवनियुक्त कर्मचारीहरूलाई राष्ट्रिय सहकारी बैंकमा स्वागत गर्दै, कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो । उहाँले सैद्धान्तिक ज्ञानले मात्र प्रतिस्पर्धामा सफलता हासिल गर्न नसकिने हुँदा ६ दिनको तालिमबाट प्राप्त भएको व्यवहारिक ज्ञानले कार्यस्थलमा बैंकका सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरू तथा नागरिकलाई सेवा दिन सहयोग पुगि बैंकको विकास र प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

कार्यक्रममा बैंकका नवनियुक्त कर्मचारी तथा तालिमका सहभागीहरू अनिषा बराल र अमृत पाठकले सहकारी बैंकको लक्ष्य अनुसार यसलाई थप गतिशील बनाउनका लागि आफूहरू निरन्तर रूपमा लागि रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । कार्यक्रम बैंकका सञ्चालक एवम् कर्मचारी सेवा सुविधा उप-समितिका संयोजक पार्वती थापा मगरको अध्यक्षता, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईको स्वागत र नायब महाप्रबन्धक राजेश श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

चैत्र १४ गतेदेखि सञ्चालित तालिममा सहकारीको सिद्धान्त, मूल्य मान्यता, सहकारीका संरचना, सहकारी व्यवसाय, स्तरीकरण, व्यवसाय प्रवर्द्धन, क्षमता विकास लगायतका विषयमा विषय विज्ञहरू तथा बैंकका उच्च व्यवस्थापनका अधिकृतहरूले सहजीकरण गर्नु भएको थियो । तालिममा बैंकले खुल्ला प्रतियोगिताद्वारा छनोट गरेको कनिष्ठ सहायक स्तरका ६० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# लेखा सुपरिवेक्षण समितिको सरलिकृत निर्देशिकाको मस्यौदामा छलफल

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले तयार पारेको लेखा सुपरिवेक्षण समितिको सरलिकृत निर्देशिकाको मस्यौदा माथि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । चैत्र २१ गते बैंकले काठमाण्डौं उपत्यका र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न विषयगत सहकारी संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा लेखा सुपरिवेक्षण समितिको सरलिकृत निर्देशिकाको मस्यौदाको परीक्षणका विषयमा छलफल आयोजना गरेको थियो । कार्यक्रममा मन्तव्य राख्दै बैंकको सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्यले लेखा सुपरिवेक्षण समितिको सरलिकृत निर्देशिकाको प्रयोगले सहकारीमा सुशासन कायम हुन सहयोग पुग्ने बताउनु भयो । उहाँले सहकारी संघ संस्थाहरु स्वनियमन र सुशासनमा सञ्चालन गर्न अनिवार्य सर्त भएको उल्लेख गर्दै त्यसो भएमा मात्र संस्थाहरू जुनसुकै अवस्थामा पनि सदस्यको विश्वासमा रहने बताउनु भयो । कार्यक्रममा बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले बैंकले तयार गरेको लेखा सुपरिवेक्षण समितिको सरलिकृत निर्देशिकाको मस्यौदाका विषय बस्तुमा सहजिकरण गर्नुभएको थियो । मस्यौदा माथि पुनः छलफल आगामी वैशाखमा गर्ने बैंकले जनाएको छ । कार्यक्रमका सहभागीहरूले यस निर्देशिकाको प्रयोग गरि सहकारी संघ संस्थामा आन्तरिक लेखापरिक्षण गर्न सहज बताएका छन् ।

बैंकको आयोजनामा गत असोज २५ र २६ मा सम्पन्न लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी, २०८० मा गरिएको प्रतिबद्धता अनुरूप निर्देशिका तयार गरिएको हो । निर्देशिका बैंकको मा उपलब्ध हुनेछ ।

# सहकारी बैंकद्वारा बजार प्रतिनिधि क्षमता अभिवृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड राजविराज शाखाले सञ्चालन गरेको सहकारी संघ/संस्थाका ''बजार प्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम'' सम्पन्न भएको छ । चैत्र २४ गते सञ्चालन भएको तालिममा त्यस क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाबाट ३५ जना बजार प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सहकारी संघ संस्थाहरुको बजार व्यवस्थापनलाई अझै वैज्ञानिक र समय सान्दर्भिक बनाउन लक्षित गरी तालिम सञ्चालन गरेको बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले बताउनु भयो । बजार व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्ने उद्देश्य अनुरूप सञ्चालन गरिएको तालिममा सदस्य सम्बन्ध व्यवस्थापन, सदस्य सम्बन्ध व्यवस्थापनको आवश्यकता सहकारी संस्थाहरुमा विद्यमान समस्या, सहकारीमा बजार विश्लेषणका आधारहरू विषयहरू समावेश गरिएको थियो ।

शाखा समन्वय उपसमितिका संयोजक गणेश कुमार आशको अध्यक्षता तथा शाखा प्रमुख वीलबल राजवंशीको सञ्चालनमा भएको कार्यक्रममा बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजीकरण गर्नु भएको थियो ।


# मोरङको पञ्चदीप बचत तथा ऋण सहकारी संस्था

## स्तरीकरण कार्यक्रम केयरमा आवद्ध

ललितपुर । मोरङको बेलबारी नगरपालिका वडा नम्बर-२, मा रहेको पञ्चदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "केयर"मा आवद्ध भएको छ ।

चैत्र ३० गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमाल, सुन्दरहरैचा शाखाका प्रमुख मनोज लामिछाने र संस्थाका उपाध्यक्ष सिताराम न्यौपाने बिच स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो । सम्झौता कार्यक्रममा बोल्दै बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालले संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने बताउनु भयो । सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो ।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको




आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ ।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका उपाध्यक्ष सिताराम न्यौपानेले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम

बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो ।

# पोखरामा प्रभावकारी ऋण व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाको आयोजना र कोअपरेटिभ म्यानेजर्स क्लबको व्यवस्थापनमा सञ्चालित दुई दिवसीय "सहकारीमा प्रभावकारी ऋण व्यवस्थापन तालिम" बैशाख ८ गते सम्पन्न भएको छ।

एन.सी.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत बैशाख ७ र ८ गते पोखरामा सञ्चालन भएको तालिममा कास्की जिल्लाका सहकारी संघ/संस्थाहरूबाट ३२ जना व्यवस्थापक तथा ऋण अधिकृतहरूको सहभागिता रहेको थियो ।

सहकारी संघ संस्थाबाट सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने प्रक्रियाहरू, असुलीका लागि बनाइने योजनाहरूका साथै ऋणलाई खराब हुन नदिन तथा खराब ऋणीहरूबाट ऋण असुलीका लागि अपनाउनु पर्ने कानुनी प्रावधान लगायतका विषयमा तालिममा सहजीकरण गरिएको थियो ।

पछिल्लो समय केही सहकारीहरूले गरेको गलत क्रियाकलापका कारण आम सहकारीहरूलाई प्रभावित बनाएको र बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूमा ऋणको भाखा नाघेर खराब ऋण बढ्दै जाने, ऋणी सदस्यहरुले ऋण भुक्तान गर्न आनाकानी गर्ने, ऋण असुलीका लागि अपनाउनु पर्ने कानुनी प्रक्रिया नपुगेका कारण संस्थाको ऋण असुलीमा समस्या सिर्जना हुने जस्ता समस्या देखिएकाले ऋण व्यवस्थापन तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । बैंकका लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्र कुमारी पराजुलीले सहकारीहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि सुरक्षित ऋण लगानी आवश्यक रहेको बताउनुभयो । सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापक तथा ऋण अधिकृतहरूको प्रभावकारी ऋण व्यवस्थापन तालिमले सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदान-प्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका कर्जा जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सहयोग पुग्ने लक्ष्य बैंकले लिएको बताउनु भयो ।

कोअपरेटिभ म्यानेजर्स क्लब कास्कीका अध्यक्ष अपिल कोइरालाले सहकारी बैंकसँग सिएमसि कास्कीले सधैँ सहकार्य गर्दै सहकारी संघ/संस्थालाई निःशुल्क तालिमहरू विगतमा पनि सञ्चालन गरेको अवगत गराउँदै आगामी दिनहरुमा सञ्चालन गरिरहने जानकारी दिनु भयो । उहाँले आ-आफ्नो संस्थामा रहेको ऋण र भविष्यमा लगानी गर्ने ऋणलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्दै सहकारीलाई दिगो बनाउनु पर्ने उल्लेख गर्नुभयो । सहकारी संस्थामा सुशासन कायम गर्न र ऋणलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न तालिमले सहयोग पुग्ने बताउनु भयो ।

बैंकको गण्डकी प्रदेश प्रमुख नरेश पाण्डेले तालिमले ज्ञान र सिपको विकास गरी सहकारी संस्थालाई फरक ढङ्गले सञ्चालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । सञ्चालक समितिले संस्थामा निर्णय गर्ने भए पनि कार्यान्वयन गर्ने व्यक्ति व्यवस्थापक तथा कर्मचारीहरू नै भएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्दा संस्थालाई नीतिगत रूपमा अगाडि बढाउन टेवा पुग्ने, सुशासन र विधिलाई पालना गर्न अभिप्रेरित गर्ने भएकाले यो कार्यक्रम गरिएको उल्लेख गर्नुभयो । तालिमलाई बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले २ दिन सम्म प्रभावकारी ऋण व्यवस्थापनको विषयमा सहजिकरण गर्नु भएको थियो ।

सिएमसि  कास्कीको सचिव मोहन प्रसाद अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा बैंकको पोखरा शाखाका शाखा प्रमुख अमृत श्रेष्ठ को समेत उपस्थिति रहेको थियो ।

# ताप्लेजुङको कञ्चनजङ्गा सामुदायिक बहुमुखी सहकारी संस्था

## स्तरीकरण कार्यक्रम केयरमा आवद्ध

ललितपुर । ताप्लेजुङको फुङलिङ अवस्थित कञ्चनजङ्गा सामुदायिक बहुमुखी सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "केयर"मा आवद्ध भएको छ। बैशाख ६ गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमाल र संस्थाका अध्यक्ष चन्द्र कुमार यगेबु बिच स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ।

# बागलुङ, पर्वत र म्याग्दीका सहकारीकर्मीहरुको गुनासो :

## 'ऋण असुलीमा सरकारले सहयोग गरेन'

ललितपुर। सहकारी क्षेत्रमा देखिएको समस्या समाधानको महत्वपूर्ण उपायका रुपमा रहेको ऋण असुली प्रक्रियालाई राज्यले सहयोग नगरेको गुनासो बागलुङ, पर्वत र म्याग्दीका सहकारीकर्मीहरुले गरेका छन् । वित्तीय क्षेत्रको संकटसंग सहकारी क्षेत्रमा तरतला व्यवस्थापनको चुनौती थपिएको करिव २ वर्ष भइसक्दा पनि कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरण गठन नहुदा सहकारीका ऋणीहरुले ऋण तिर्न आनाकानी गरेको सहकारीकर्मीहरुको भनाइ छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम अन्तरगत पर्वतको मल्लाज र बागलुङ बजारमा आयोजित केयर समिक्षा कार्यक्रमका सहभागीहरुले सहकारीको समस्या समाधानका लागि तत्काल कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरण गठन गर्नु पर्ने माग गरेका हुन्।

सञ्चालकहरुको गलत कामका कारण समस्यामा पर्ने सहकारीहरु परिसके, अब समस्यामा पर्ने भनेको ऋण नउठेका कारण हो, त्यसैले समयमै ऋण असुलीका लागि कानुनी प्रक्रियालाई अगाडि बढाउनु पर्नेमा सहभागीहरुको जोड छ। ऋण तिर्नु पर्दैन, मिनाहा हुन्छ भन्ने खालका प्रचारहरुका कारण विगतमा राम्रैसंग ऋण तिरेका सदस्यहरु पनि यतिबेला ऋण तिर्न आनाकानी गरेका छन्, उनीहरुलाई ऋण तिर्न पर्छ, सदस्यहरुको वचत रकमबाट गरिएको लगानीको रकम मिनाहा हुदैन सन्देश प्रवाहका लागि सरकारले ठोस कदम चाल्नु पर्ने उनीहरुको भनाइ छ। सहकारीमा बचत गरेका सदस्यहरुको वचत फिर्ता गर्न तथा सहकारीबाट ऋण लगेर नतिर्नेहरुलाई ऋण तिर्ने वातावरण बनाउनका लागि राज्यको भूमिका बढाउन पर्नेमा सहभागीहरुले जोड दिएका थिए।

पर्वतको मल्लाजमा मंगलवार आयोजित कार्यक्रममा मल्लाज बहुउश्यीय सहकारी संस्था लिमिटेड जलजला पर्वत, कृष्ण गंगा बहुउद्देश्यीय सहकारी संस्था जलजला पर्वत, बेनी वचत तथा ऋण सहकारी संस्था म्याग्दी, मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्था बेनी म्याग्दी, विश्वामित्र वचत तथा ऋण सहकारी संस्था बेनी म्याग्दी र लोकदिप वचत तथा ऋण सहकारी संस्था बेनी म्याग्दीका अध्यक्ष, सञ्चालक तथा प्रवन्धक सहितको सहभागितामा समिक्षा गरिएको थियो।

संस्थाहरुले सञ्चालन गरेका व्यवसायहरुलाई सदस्य केन्द्रीत बनाउन, नीतिसम्मत रुपमा सञ्चालन गर्न तथा जोखिमको पहिचान गरी गतिविधि सञ्चालन गर्नका लागि केयर कार्यक्रमले सहयोग गरेको सहभागीहरुले बताएका थिए। कार्यक्रममा बैंकका अधिकृत नव कुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो।

मल्लाज बहुउद्देश्यीय सहकारी संस्थाको आयोजना तथा बैंकको प्राविधिक सहयोगमा सञ्चालन भएको कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसी, राष्ट्रिय सहकारी महासंघका लेखा सुपुरीवेक्षण समितिका सदस्य हेम कुमारी अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सबैले आफ्ना सदस्यहरुबीच सम्वाद, अन्तरक्रिया र समन्वय गर्नु पर्नेमा जोड दिनु भएको थियो । कार्यक्रम मल्लाज बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष लाल बहादुर अधिकारीको अध्यक्षता, उपाध्यक्ष हिरा बहादुर जिसीको स्वागत र लेखा सुपरीवेक्षण समितिका संयोजक धनपती पाध्याको सञ्चालनमा सम्पन्न भएको थियो । यस्तै बुधवार बागलुङमा आयोजित कार्यक्रममा बागलुङ बहुउद्देश्यीय सहकारी संस्था, एकता सहकारी संस्था, आदर्श सञ्चार सहकारी संस्था, प्रगति बहुउद्देश्यीय सहकारी संस्था, अभियान बहुउद्देश्यीय सहकारी संस्था बागलुङ, सयपत्री बहुउद्देश्यीय सहकारी संस्था गलकोट बागलुङ र नाग्लीबाङ बहुउद्देश्यीय सहकारी संस्था जलजला पर्वतका अध्यक्ष, सञ्चालक र प्रवन्धकहरुको सहभागिता रहेको थियो । समिक्षा कार्यक्रमको शुभारम्भ गर्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीका नकरात्मक सन्देशहरुलाई चिर्नका लागि सहकारीमार्फत भएका सकरात्मक विषयहरु सदस्यहरुका बीचमा लैजानु पर्नेमा जोड दिनु भएको थियो । बागलुङ बहुउद्देश्यीय सहकारी संस्थाको आयोजना तथा बैंकको प्राविधिक सहयोगमा सञ्चालन भएको कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष अशोक गोविन्द राज भण्डारी, स्वागत लेखा सुपरीवेक्षण समितिका संयोजक महेन्द्रसिंह रायमाझी र सञ्चालन सहसचिव उषा पौडेलले गर्नु भएको थियो । कार्यक्रममा बैंकका अधिकृत नव कुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो ।

# झापा र मोरङमा केयर समीक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध झापा र मोरङका सहकारी संस्थाहरुको केयर समीक्षा कार्यक्रम सम्पन्न भएको छ । स्तरीकरण कार्यक्रम अन्तरगत बैंकले बनाएको वित्तीय सूचकहरूको अवस्था पहिचान गर्नुका साथै संस्थाहरुको अवस्था र सुधार गर्नु पर्ने विषयहरूमा छलफल भएको थियो ।

समीक्षा कार्यक्रमका सहभागीहरूले वित्तीय क्षेत्रमा देखिएको असहज अवस्थालाई सहज रूपमा अगाडि बढाउनका लागि सहकारीहरूमा भाखा नाघेको ऋणलाई कम गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन् । पछिल्लो समय सहकारीहरूमा भाखा नाघेको ऋण बढ्दै गएको निष्कर्षका साथ सबै सहकारीहरूले ऋण व्यवस्थामा योजनाबद्ध रूपमा अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएका हुन् ।

स्तरीकरण कार्यक्रममा सहभागी संस्थाहरुमा ऋण सुरक्षण कोषमा नियमित रूपमा रकम व्यवस्थापन गर्ने, सञ्चालक समिति र कर्मचारीका लागि संस्थागत तालिम सञ्चालन गर्ने तथा परिवर्तित परिस्थिति अनुसार विनियम तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने, परिमार्जन गर्ने प्रतिबद्धता सहभागीहरूले जनाएका छन् । झापामा वैशाख ९ गते आयोजित कार्यक्रमको शुभारम्भ राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् कोशी प्रदेशका संयोजक महेन्द्र कुमार गिरीले गर्नु भएको थियो । सो अवसरमा बोल्दै उहाँले सहकारीहरूको आन्तरिक स्वास्थ्य परीक्षण गरी संस्थालाई स्वस्थ बनाउनका लागि स्तरीकरण कार्यक्रमले सहयोग गर्ने भएकाले सहकारीहरूले ध्यान दिनु पर्नेमा जोड दिनु भएको थियो । राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा केयरमा आबद्ध संस्था : हंशबाहिनी बचत तथा ऋण सहकारी संस्था ली, दमकले आयोजना गरेको कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष गोविन्द्र प्रसाद आचार्यले गर्नु भएको थियो ।

यस्तै मोरङका ८ वटा सहकारी संस्थाको वित्तीय अवस्था लगायत गैर वित्तीय अवस्थाका बारेमा वैशाख १० गते केयर समीक्षा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा केयरमा आबद्ध सौजन्य बचत तथा ऋण सहकारी संस्था लि., झोराहाट, मोरङको आयोजनामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष एवम् बैंकका पूर्व अध्यक्ष रमेश प्रसाद पोखरेल, जिल्ला सहकारी संघ मोरङका

वरिष्ठ उपाध्यक्ष विजय माझी, राष्ट्रिय सहकारी बैंकका कोशी प्रदेश प्रमुख प्रभु पोखरेलको आतिथ्यता रहेको थियो ।

संस्थाका अध्यक्ष हरिनारायण चौधरीका अध्यक्षतामा भएको कार्यक्रममा बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमाले सहजिकरण गर्नुभएको थियो ।

# पाल्पामा सहकारीका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन, बैंकको शाखा सञ्चालन गर्न माग

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको आयोजनामा पाल्पा जिल्लाका बैंकका सदस्य संस्थाका व्यवस्थापन प्रमुखहरूको २ दिवसीय क्षमता अभिवृद्धि तालिम होटेल श्री नगरमा वैशाख १७ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा आइतबार र सोमबार सञ्चालन गरिएको जिल्लाका ४६ सहकारी संस्थाका ४६ व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिम कार्यक्रमको समापन्न समारोहमा सहभागीको तर्फबाट बोल्दै साना किसान कृषि सहकारी संस्था रिवदिकोटका व्यवस्थापक विनीता गौतमले तालिम निकै प्रभवकारी भएको बताउँदै बैंकले आगामि दिनहरुमा पनि यस्तै तालिमहरू निरन्तर सञ्चालन गरोस् भन्ने अपेक्षा राखेको बताउँदै तत्काल पाल्पामा पनि शाखा सञ्चालन गर्न आग्रह गर्नुभएको छ । बैंकको शाखा कार्यालय नहुँदा निजी बैंकहरुमा कारोबार गर्नुपर्ने बाध्यता रहेको सुनाउँदै व्यवस्थापक गौतमले तत्काल शाखा कार्यालय सञ्चालनको पहल गरिदिन आग्रह गर्नुभयो । अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुरका सहायक व्यवस्थापक प्रवीण न्यौपानेले बैंकले प्रबाधिकि विषयहरूमा निरन्तर सदस्य शिक्षाका कार्यक्रमहरू सञ्चलन गरोस् भन्ने अपेक्षा रहेको बताउनु भयो । यो कार्यक्रमले जिल्लाको सहकारी अभियानलाई गुणस्तरीय बनाउन एउटा महत्त्वपूर्ण आयाम हुने विश्वास व्यक्त गर्नुभयो । स्वास्थ्य सेवा सहकरीका अध्यक्ष खगराज अधिकारी र बचत संघका अध्यक्ष जगदिस भट्टराईले बैंकले छिटै पाल्पामा शाखा खोली यस क्षेत्रका सहकारीको वृद्धि र विकासमा वित्तीय तथा गैर-वित्तीय सेवाहरू प्रदान गर्ने अपेक्षा गर्दै त्यसका लागि जिल्लाको सहकारी अभियानको तर्फबाट जुनसुकै सहयोग गर्न तयार रहेको बताउनु भएको थियो ।

पाल्पा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष जगदिस भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमलाई बैंकको बुटवल शाखाका प्रमुख एवम् लुम्बिनी प्रदेश प्रमुख नारायण बेल्वासेको सहजिकरण तथा कर्मचारी रन्जिता पुडासैनीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# व्यवस्थापकको क्षमता विकास तालिम समय सान्दर्भिक र अत्यन्तै प्रभावकारी रहेको पायौं

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड हेटौंडा शाखाले मकवानपुरको हेटौंडामा सहकारी संघ संस्थाहरूका व्यवस्थापकहरूको लागि सञ्चालन गरेको दुई दिवसीय "क्षमता विकास तालिम" वैशाख १९ सम्पन्न भएको छ । एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सोमबार र मंगलबार सञ्चालन गरिएको तालिममा मकवानपुर जिल्लाका विभिन्न सहकारी संघ संस्थाहरूबाट ४२ जना व्यवस्थापक तथा सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका

विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिम समापन कार्यक्रममा बोल्दै बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले कतिपय अवस्थामा व्यवस्थापकले सुशासन कायम गर्न चाहँदा समेत पदाधिकारीहरूमा सहकारी शिक्षाको कमीका कारण कैफियत देखिएको बताउनु भयो । सहकारी संस्थाका सञ्चालकले सहकारीको नीति, नियम र विधानमा रहेर काम नगर्दा केही सहकारीमा छिटपुट समस्या आएको उल्लेख गर्दै सबै मिलेर समस्या समाधानमा लाग्नु पर्ने भन्दै सहकारीलाई स्वस्थ, स्वच्छ र व्यवस्थित गर्न सहकारी बैंकले सदस्य केन्द्रित र समुदायमा आधारित तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको बताउनु भयो ।

उहाँले व्यवस्थापकहरुलाई सुरक्षित र उत्पादनमूलक क्षेत्रमा सदस्यहरूमा कर्जा लगानी गर्न आग्रह गर्दै थप वित्तीय सहयोग गर्न राष्ट्रिय सहकारी बैंक तत्पर रहेको उल्लेख गर्नुभयो ।

बैंकको हेटौंडा शाखा सञ्चालन समन्वय उपसमितिका संयोजक नारायण प्रसाद देवकोटाले तालिममा सिकेको, बुझेका कुराहरूलाई नोट कपीमा मात्र सीमित नगरी व्यवहारमा उतारेर आ-आफ्नो संघ संस्थाहरुमा लागु गरी संस्थालाई सबल बनाउन तर्फ लाग्न व्यवस्थापकहरूमा अनुरोध गर्नु भयो । कार्यक्रमका सहभागीहरूले बैंकद्वारा सञ्चालन गरिएको व्यवस्थापकको क्षमता विकास तालिम समय सान्दर्भिक र अत्यन्तै प्रभावकारी रहेको बताएका छन् । उनीहरूले दुई दिनको तालिमबाट नयाँ सिकाई भएको उल्लेख गर्दै तालिमले संस्था सञ्चालनको लागि महत्वपूर्ण सहयोग पुगेको बताएका छन् । तालिममा सिकाईसँगसँगै उत्प्रेरणा जगाउने खालका यस्तै रचनात्मक तथा अन्तरक्रियात्मक तालिम नियमित रूपमा सञ्चालन हुन आवश्यक रहेको बताएका छन् ।

बैंकको हेटौंडा शाखाका सहायक अधिकृत समीर श्रेष्ठको सञ्चालन तथा हेटौंडा शाखा तथा बागमती प्रदेश प्रमुख ( उपत्यका बाहेक) रामेश्वर अर्यालको स्वागतमा भएको तालिमलाई बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारीको सिद्धान्त र आधारभूत मूल्य मान्यता, सहकारीको वृद्धि तथा विकास र गुणस्तरीय सेवा सुनिश्चितताको लागि व्यवस्थापकको भूमिका, व्यवस्थापकसँग हुनु पर्ने ज्ञान, सीप र क्षमता, दिगो सहकारीको लागि व्यवस्थापकको भूमिका लगायतका विभिन्न ८ वटा विषयमा दुई दिनसम्म सहजिकरण गर्नु भएको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत देशैभर सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ ।

# सिन्धुपाल्चोकका सहकारीकर्मीहरुसँग राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया : जिल्लामा बैंकको शाखा खोल्न माग

ललितपुर । सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा बजारमा राष्ट्रिय सहकारी बैंकको शाखा सञ्चालन गर्न स्थानीय सहकारीकर्मीहरुले माग गरेका छन् । बैंकले बैशाख २० र २२ गते बाह्रविसे नगरपालिका र चौतारा साँगाचोकगढी नगरपालिका भित्रका अगुवा सहकारीकर्मीहरुसँग गरेको छलफल एवम् अन्तरक्रिया कार्यक्रममा सहकारी बैंकको शाखा सञ्चालनका लागि माग गरेका हुन । जिल्लाका सहकारीहरूलाई सहकारी बैंकको सेवा प्रवाहका लागि बैंकको शाखा चौतारा बजारमा आवश्यक रहेको र शाखा नभएका सहकारीहरूलाई वित्तीय रूपमा थप प्रभावकारी बनाउन नसकिएको जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष राजेन्द्र कुमार श्रेष्ठ बताउनु भयो । जिल्ला सहकारी संघका उपाध्यक्ष शोभा उलकले जिल्लामा सहकारी बैंकको शाखा रहेका स्थानहरूमा सहकारीहरूको वित्तीय कारोबारमा सहजतासँगै संस्थागत विकासमा समेत सहयोग पुगेको देखिएको छ, तर जिल्लामा शाखा नभएका कारण कारोबार अन्यत्र गर्नु पर्ने वाध्यता रहेको भन्दै उहाँले बैंकको शाखा सञ्चालन भएपछि सहकारीहरूको क्षमता विकास र अन्य विषयमा सहजीकरण गर्न समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा बैंकका सञ्चालक तथा बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले बैंकको शाखा चौतारमा सञ्चालनका लागि बैंककोतर्फबाट आवश्यक सम्भाव्यता

अध्ययन गरि सम्बन्धित नियामक निकायमा स्वीकृति गराई शाखा कार्यालय सञ्चालन गर्न सकिने जानकारी दिँदै जिल्लाका सबै सहकारीहरूलाई बैंकको सदस्य बन्न आग्रह गर्नुभयो। उहाँले सहकारीलाई वित्तीय रूपमा सक्षम, संस्थागत रूपमा सुशासनयुक्त बनाउनका लागि बैंकले समन्वयकारी भूमिका निर्वाह गर्दै आएको भन्दै बैंकसंगको सहकार्यलाई थप प्रभावकारी गराउन सबै सहकारी संस्थाहरुलाई आव्हान गर्नुभयो। कार्यक्रममा बैंकको बनेपा शाखाका प्रमुख उपेन्द्र दाहालले शाखाको समग्र अवस्था र शाखामार्फत सिन्धुपाल्चोकमा भइरहेको कारोबारका बारेमा जानकारी गराएका थिए। जिल्ला सहकारी संघ र जिल्ला बचत तथा ऋण सहकारी संघको समन्वयमा भएको कार्यक्रममा दुई नगरपालिका भित्रका सहकारीकर्मीहरुको उत्साहपूर्ण सहभागिता रहेको थियो।

# भेरीगंगा नगरपालिका क्षेत्रका हकारीकर्मीहरुसँग सहकारी बैंकको अन्तरक्रिया तथा छलफल

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजना तथा भेरीगंगा नगरपालिका स्तरीय सहकारी सञ्जालको समन्वयमा एक दिवसीय अन्तरक्रिया तथा छलफल कार्यक्रम बैशाख २९ गते सम्पन्न भएको छ।

भेरीगंगा नगरपालिका स्तरीय सहकारी सञ्जालका अध्यक्ष उमा कुमारी शर्माको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका पूर्व सञ्चालक एवम् राष्ट्रिय सहकारी महासंघ नेपालका सञ्चालक हरिहरनाथ योगीको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि योगीले सहकारीले ग्रामीण क्षेत्रमा गरिबी निवारण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनु भयो। उहाँले आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणसँग जोडिने थलो सहकारी रहेको भएता पनि पछिल्लो समय यस क्षेत्रलाई बदनाम गर्न खोजिएको उल्लेख गर्नुभयो। बैंकको कर्णाली प्रदेश प्रमुख हिरालाल सुनारले सहकारी बैंकको सेवा, सुविधा तथा बैंकले वित्तीय तथा गैर वित्तीय क्षेत्रमा पुऱ्याएको योगदानको विषयमा सहजिकरण गर्नुभएको थियो। बैंकको सुर्खेत शाखाका प्रमुख सागरनाथ योगीले सञ्चालन गर्नुभएको कार्यक्रममा सञ्जालका सचिव तुलाराम खत्रीले स्वागत मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा त्यस क्षेत्रका विभिन्न सहकारी संस्थाका ३४ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# दोलखामा सहकारीका व्यवस्थापकहरूलाई क्षमता विकास तालिम

ललितपुर, २४ वैशाख। राष्ट्रिय सहकारी बैंक लिमिटेड दोलखा शाखाको आयोजनामा सहकारी संघ संस्थाका व्यवस्थापकहरूको लागी सञ्चालन गरिएको "क्षमता विकास तालिम" बैशाख २४ गत सम्पन्न भएको छ।

एन.सि.बि.एल. सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत कार्यक्षेत्रमा आधारित सदस्य केन्द्रित भई निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा दोलखाको तामाकोसी, मेलुङ, वैतेश्वर, कालिञ्चोक, विगु गाउँपालिका र भीमेश्वर नगरपालिका गरी ६ वटा स्थानीय तह र रामेछाप जिल्लाको लिखु तामाकोकी गाउँपालिका र मन्थली नगरपालिकाको २ वटा स्थानीय तहका विभिन्न सहकारी संघ संस्थाहरुबाट २९ जनाको सहभागिता रहेको थियो। सहकारीको साधारण सभाले दिएको निर्देशन अनुसार संस्थालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि व्यवस्थापकको भूमिका कार्यकारी, नेतृत्वदायी तथा संयोजनकारी हुनुपर्ने भएकोले सहकारी सञ्चालनको विधि र प्रक्रिया राम्रोसँग बुझेर काम गर्न सकेमा सहकारीका समस्या कम हुँदै जाने भएकाले व्यवस्थापकहरूका लागि तालिम सञ्चालन गरिएको थियो।

सहकारी संस्थामा हुने सम्पूर्ण कामको व्यवस्थापन गर्ने, व्यवस्थापनलाई प्रभावकारी निर्देशन गर्नका लागि पनि व्यवस्थापकले सहकारी ऐन, नियम, संस्थाको विनियम, निर्देशिका लगायतका विषयमा जानकारी राख्नु पर्ने भएकाले व्यवस्थापकहरूका लागि तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। सहकारीको दिगो विकासका लागी संस्थागत सुशासन र कार्यसम्पादन स्तरलाई बढाउन सस्थाहरुले सदस्य केन्द्रित गतिविधिहरूलाई सघनता प्रदान गरी वित्तीय रूपमा

सदस्यलाई आत्मनिर्भर बनाउनेतर्फ सहकारी सस्थाहरु केन्द्रित हुन् भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकको दोलखा शाखाका प्रमुख यशोदा पौडेलले बताउनुभयो ।

सहकारी संस्थाको समग्र व्यवस्थापन, वित्तीय अनुशासन, प्रभावकारी सदस्य सेवा, सहकारी सम्बन्धी प्रचलित कानुनको अनिवार्य परिपालन गर्नमा यो तालिम अर्थपूर्ण भएको कार्यक्रमका सहभागीहरूले बताएका छन् ।

बैंकको दोलखा शाखाका कर्मचारी मन्दिरा सुबेदीले सञ्चालन गर्नुभएको तालिममा सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तको व्यवहारिक प्रयोग, संस्थागत संरचना र सञ्चालन प्रक्रिया, प्रभावकारी ऋण व्यवस्थापन, व्यवस्थापकको भूमिका र जिम्मेवारी, वित्तीय विश्लेषण शिप, सहकारीको रणनीतिक दृष्टिकोण तय गर्ने तरिका, मानव संसाधन एवम् सदस्य सम्बन्ध व्यवस्थापन, सहकारीमा कानुन पालना, जोखिमका क्षेत्रहरूको पहिचान र व्यवस्थापन कार्यदिशा लगायतका विषयमा प्रशिक्षक नारायण प्रसाद ज्ञवाली र झलेन्द्र दाहालले सहजीकरण गर्नुभएको थियो ।

उहाँहरूले सहकारीको संरचना अनुसार व्यवस्थापनका लागि व्यवस्थापकको क्षमता विकास गर्नु पर्नेमा जोड दिनुभएको थियो । दैनिक प्रशासन सञ्चालनदेखि कार्यविधि कार्यान्वयन र सहकारीको साख वृद्धिका लागि सञ्चालक समितिको निर्णय लाई कार्यान्वयनको भूमिका बढाउनु पर्ने र त्यसको नेतृत्व गर्ने व्यवस्थापकहरूले यस्ता विषयहरूमा जानकारी हुनुपर्नेमा उहाँहरूको जोड थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पूर्ण शाखा कार्यालय मार्फत सञ्चालन गरिरहेको छ ।

## सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने सम्बन्धमा

**सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७४ को तेस्रो संशोधन, २०७९ तथा सहकारी विभागको मिति २०८०/१०/०९ को सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने निर्देशन बमोजिम यस बैंकको सदस्य पहिचान विवरण (KYM) को साविकको ढाँचा अद्यावधिक गरिएकोले आफूले कारोबार गर्ने शाखामा गई अद्यावधिक गर्नुहुन अनुरोध छ । उपरोक्त विवरण अद्यावधिक नगरेका सदस्य संस्थाको खाता निष्क्रिय गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ। साथै विभागको निर्देशन बमोजिम आफ्ना सम्पूर्ण सदस्यको समेत सदस्य पहिचान विवरण अद्यावधिक गर्ने तथा जोखिम मूल्याङ्कनको वार्षिक प्रतिवेदन तयार गरी नियामकीय निकायमा पेश गर्ने र आफ्नो कारोवार रहेको यस बैंकको शाखा कार्यालयमा समेत प्रतिलिपि पेश गर्नुहुन सुसूचित गरिन्छ ।**

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रिय कार्यालय, पुल्चोक, ललितपुर


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
•वार्षिक शुल्क नलाग्ने
•सहज प्रक्रिया
•Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
टोल फ्री नं १६६००१०२९९९